चिचिला गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः २ सङ्ख्याः ३५ मितिः २०७७/०६/०७

**भाग – २**

# विद्यालयहरुलाई अनुशासन इन्चार्ज (Discipline Incharge) नियुक्ति तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७७

चिचिला गाउँपालिका

# विद्यालयहरुलाई अनुशासन इन्चार्ज (DI) नियुक्ति तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७७

**प्रस्तावनाः**

यस चिचिला गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्रका कम्पाउण्ड घेराबार भैसकेका माध्यमिक विद्यालयहरुमा शैक्षिक अनुशासन कायम गर्न अनुशासन इन्चार्ज (DI) को नियुक्ति तथा व्यवस्थापन गर्नका लागि कानुन निर्माण गर्न वाञ्छनीय भएकाले चिचिला गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ बमोजिम चिचिला गाउँकार्यपालिकाले "चिचिला गाउँपालिकाको विद्यालय अनुशासन इन्चार्ज बनाएको छ।

## परिच्छेद – १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधीको नाम "चिचिला गाउँपालिकाको विद्यालयहरुलाई अनुशासन

इन्चार्ज (DI) नियुक्ति तथा व्यस्थापन सम्बन्धि कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि पारित भएको मिति देखि लागू हुनेछ।

**२.परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

(क) "गाउँपालिका" भन्नाले चिचिला गाउँपालिका सम्झनुपर्दछ।

चिचिला गाउँपालिका

(ख) “गाउँकार्यपालिका” भन्नाले चिचिला गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ग) “विद्यालय” भन्नाले यस गाउँकार्यपालिका भित्र रहेका सम्पूर्ण विद्यालयलाई सम्झनुपर्दछ ।

(घ) “नियुक्ति तथा व्यवस्थापन” भन्नाले विद्यालयहरुमा शैक्षिक अनुशासन कायम गर्न सक्ने १८ वर्ष पुरा भई ३५ वर्ष भन्दा मुनिका एस एल सी उतीर्ण नेपाली नागरिक उम्मेद्वार प्रतियोगि हुने गरि नियुक्ति तथा व्यवस्थापन भन्ने सम्झनु पर्दछ ।

(ङ) “वि.व्य.स.” भन्नाले चिचिला गा.पा. का विद्यालयका व्यवस्थापन समितिलाई जनाउछ ।

(च) “शि.अ.संघ” भन्नाले चिचिला गा. पा. को विद्यालयको शिक्षक अभिभावक संघलाई जनाउछ ।

(छ) “संयोजक” भन्नाले चिचिला गा. पा. को विद्यालयको शिक्षक अभिभावक संघको संयोजकलाई जनाउछ ।

(ज) “प्रधानाध्यपक” भन्नाले सम्बन्धित विद्यालयको प्र.अ.लाई जनाउछ ।

चिचिला गाउँपालिका

**३. कार्यविधि लागू हुनेः-**चिचिला गाउँपालिका क्षेत्र भित्रका कम्पाउण्ड घेरावार भईसकेका विद्यालयहरुमा अनुशासन ईन्चार्ज तथा व्यवस्थापन गर्ने गरी यो कार्यविधि कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ।

**४. छनौट समितिः अनुशासन ईन्चार्ज छनौट समितिमा निम्न सदस्यीय एक छनौट समिति रहनेछ।**

क) वि.व्य.स. अध्यक्ष वा निजले तोकेको समितिका सदस्यहरुमध्येबाट १ जनाः- अध्यक्ष

ख) शि.अ.संघ संयोजकः- सदस्य

ग) प्रधानाध्यापकः-सदस्य सचिव

यो छनौट समितिले आफ्नै कार्यविधि बनाई छनौट प्रक्रिया अबलम्वन गर्न सक्नेछ ।

**५.करार अवधि, निष्कासन तथा पून नियुक्ति सम्बन्धमाः-**

क) नियुक्ति भएका अनुशासन ईन्चार्जको करार अवधि १ आ.व.को हुनेछ । प्रत्येक आ.व.को शुरुमा करारनामा थप गर्नुपर्नेछ ।

ख) नियुक्ति भएका अनुशासन ईन्चार्जले सन्तोषजनक र तोकेको कार्य पुरा नगरेमा वि.व्य.स. को निर्णयबाट निष्काशन गर्न सकिनेछ ।

ग) नियुक्ति भएका अनुशासन ईन्चार्जको पद बिचैमा जुनसुकै कारणबाट रिक्त हुन गएमा पून नियुक्ति यसै कार्यविधि बमोजिम गर्न सकिनेछ ।

चिचिला गाउँपालिका

**६. तलव तथा सेवा सुविधा सम्बन्धमाः**

क)अनुशासन ईन्चार्जको तलव गाउँसभाले निर्धारण गरे बमोजिम मासिक रु.१५,००।का दरले चाडवाड खर्च समेत पाउनेछ ।

**७.नियुक्ति व्यवस्थापन तथा निकासा विधिः-**

क. विद्यालयहरुलाई वि.व्य.स. को निर्णय गराई पद संख्या एकिन गरि १५ दिनको विज्ञापन प्रकाशन गर्न लगाउने,

ख. छनौट समितिले छनौट प्रक्रिया द्वारा नियुक्ति गरेसम्मका सम्पुर्ण प्रक्रियाका कागजात शिक्षा शाखामा पेश गर्न लगाउने,

ग. विद्यालयहरुले वि. व्य. स. बाट अनुशासन ईन्चार्जको काम,कर्तव्य र अधिकार क्षेत्र निर्धारण गरि कार्य गर्न लगाउने,

घ. नियुक्ति भएका अनुशासन ईन्चार्जको तलव माग साथै हाजिरि प्रत्येक चौमासिकमा प्र.अ.ले शिक्षा शाखामा पेश गर्ने ,

ङ. नियुक्ति भएका अनुशासन ईन्चार्जको तलव चौमासिक माग फारामका आधारमा सम्बन्धित विद्यालयको खातामा गाउपालिकाबाट निकासा गर्ने,

**८.कार्यविधीको व्याख्या, संशोधन थपघटः** यस कार्यविधिको आवश्यक व्याख्या,संशोधन थपघट गाउँकार्यपालिकाले गर्नेछ ।